

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार


देशको आर्थिक सामाजिक विकासमा ५२ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष २५ अंक १ | साउन – असोज २०७४ | Year 25 Vol 1 | Aug - Oct 2017


## राष्ट्रिय वाणिज्य बैंकमा एनआईडिसी डेभलपमेन्ट बैंक गाभ्ने (मर्जर) सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर

**काठमाडौं, १२ भदौ**

नेपाल सरकार मन्त्री परिषदको मिति २०७३।१०।१४ को निर्णय अनुसार एन.आई.डि.सी. डेभलपमेन्ट बैंक लिमिटेडलाई राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा गाभ्ने (मर्जर) सम्बन्धमा एक समारोहकाबीच प्रारम्भिक समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ । राष्ट्रिय वाणिज्य बैंक लिमिटेड संचालक समितिका अध्यक्ष डा. रबीन्द्रप्रसाद पाण्डे र एन.आई.डि.सी. डेभलपमेन्ट बैंक लिमिटेड संचालक समितिका अध्यक्ष एवं अर्थ मन्त्रालयका सह सचिव बैकुण्ठ अर्यालले समझदारी पत्रमा हस्ताक्षर गर्नुभएको छ । राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तथा एन.आई.डि.सी. डेभलपमेन्ट बैंक लिमिटेडको साधारण सभाले यस अघि नै एन.आई.डि.सी. डेभलपमेन्ट बैंक लिमिटेडलाई



राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा गाभ्ने/ गाभिने (मर्जर) सम्बन्धमा प्रस्ताव पारित गरिसकेको छ। एन.आई.डि.सी. डेभलपमेन्ट बैंक लिमिटेडलाई राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा गाभिएपछि बैंकको चुक्तापूंजीमा बृद्धि हुनुका साथै विद्यमान ग्राहकहरुलाई थप कारोबार गर्न सुविधा हुने र बैंकिङ्ग सेवा तथा सुविधा अभिबृद्धि गरी व्यापक पहुंचका साथै स्तरीय बैंकिङ्ग सेवा प्रदान गर्न सकिनेमा विश्वास लिईएको छ। २०७४ माघ १ गतेदेखि एकीकृत कारोबार गरिने लक्ष्य लिईएको छ।

सो कार्यक्रममा संयुक्त मर्जर समितिका

बाँकी पृष्ट ७ ⏵⏵

## उत्कृष्ट कार्य सम्पादन पुरस्कार वितरण कार्यक्रम सम्पन्न



**काठमाडौं, १५ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५२ औं वार्षिकोत्सबको अवसरमा २०७३ माघ १० गते घोषणा गरिएको सर्वोत्कृष्ठ बैंक पुरस्कार, बैंक सेवा पुरस्कार तथा उत्कृष्ट शाखा पुरस्कार प्राप्त गर्ने कर्मचारी तथा शाखा कर्यालयलाई एक समारोहकाबीच पुरस्कार वितरण गरियो । उक्त कार्यक्रम काठमाडौंको एलोपेगोडा होटलमा सम्पन्न भएको थियो । कार्यक्रममा सर्वोत्कृष्ठ कार्य गरे वापत सर्वोत्कृष्ठ बैंक पुरस्कार सामान्य सेवा विभागका प्रमुख मुख्य प्रवन्धक कपिलमणि ज्ञवालीलाई प्रदान गरिएको थियो । त्यसैगरी उत्कृष्ठ कार्य गरे वापत बैंक पुरस्कार प्रवन्धक दामोदर ज्ञवाली, उप प्रवन्धक ऋषिनाथ अधिकारी, स.प्र. अर्जुनप्रसाद दाहाल, स.प्र. हारितकुमार रेग्मी, ब.स. साजन सुवाल, ब.स. धर्मराज पौडेल, ब.स. मुरारी अधिकारी, उप प्रवन्धक कुमार निरौला, सवारी चालक रामकुमार बलामी, स.प्र. (कानुन) अर्तिनाथ बोकी श्रेष्ठ, शा.प्र. दुस्यन्तराज निरौला, क.स. लिना यादब, क.स. यसोदा खड्का, क.स. पेसल दाहाल, सहायक कम्प्यूटर राकेश कुशवाहा, सहायक कम्प्यूटर सुरज बिसुन्के, स.चा. कृष्णप्रसाद सिंखडा, स.बा. खड्गप्रसाद तिमिल्सीना, शा.प्र. गायत्री श्रेष्ठ, स.प्र. मोहनप्रसाद देबकोटा, ब.स. ताराकुमार निरौला, क.स. ऋतुप्रभा श्रेष्ठ, शा.प्र. कुलबहादुर

बाँकी पृष्ट ६ ⏵⏵




## सम्पादकीय ......................................

यस राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले नेपालको प्रतिष्पर्धात्मक बैंकिङ्ग बजारमा व्यवसायिक बैंकिङ्ग सुविधा उपलब्ध गराउन तथा राज्यले लिएका आर्थिक कार्यक्रमलाई सफल बनाउन देशका अति दुर्गम स्थानमा समेत बैंक शाखाको विस्तार गरी १७९ शाखा कार्यालय, १३० एटिएम, ९३ शाखा रहित बैंकिङ्गको कार्यसंजाल मार्फत बैंकिङ्ग सेवा उपलब्ध गराइरहेको छ । अनुभवी तथा व्यवसायिक व्यक्तित्वको नेतृत्वमा वृहत कार्यसंजालका साथ सेवा प्रवाह गरिरहेको यस बैंकले विगत १० वर्षदेखि नाफा कमाई कर्मचारीलाई बोनस वितरण गर्ने क्षमता राखेको छ। आर्थिक वर्ष ०७३।०७४ मा एक खर्व ५३ अर्ब निक्षेप संकलन गरी नेपालको बैंकिङ्ग क्षेत्रको निक्षेप संकलनमा अग्रणी यस बैंकले सो आर्थिक वर्षमा खुद नाफा तीन अर्व आठ करोड गरेको छ भने निष्क्रिय कर्जा २.३५ प्रतिशतमा राख्न सफल भएको छ। यसरी नै आ.व. ०७४।०७५ को अन्त्यमा निक्षेप एक खर्व ६० अर्ब, कर्जा एक खर्व २२ अर्ब पु-याउने, खुद नाफा तीन अर्ब ७१ करोड गर्ने र निष्क्रिय कर्जा २.१५ मा झार्ने लक्ष्य लिएको छ। आ.व. ०७४।०७५ मा लिएको लक्ष्य हासिल गर्न २३१६ कर्मचारी परिचालन गर्ने र २२२ शाखा कार्यालयबाट सेवा उपलब्ध गराउने समेत लक्ष्य राखिएको छ।

हाल बैंकिङ्ग क्षेत्रमा जोखिम बढिरहेको छ । बढ्दो जोखिमलाई न्यूनीकरण गर्दै प्रतिषर्धी बजारमा व्यवसाय बृद्धि गर्नुपर्ने चुनौती रहेको र सो चुनौतीलाई सामना गरी अगाडि बढ्न ऐन नियम तथा नियमन निकायले दिएका निर्देशनहरुको पूर्ण पालाना गरी बैंकिङ्ग व्यवसायलाई सुरक्षित बनाउन बैंकमा कार्यरत सम्पूर्ण कर्मचारीहरु लागीपरेमा यस बैंकले लिएको लक्ष्य पुरा हुने र यो बैंक भावी दिनहरुमा देश, ग्राहकका रुपमा रहेका सर्वसाधारण जनता, बैंक तथा बैंकमा कार्यरत कर्मचारीहरु र कर्मचारीका आश्रित परिवारप्रति अहम भूमिका निर्वाह गर्न सफल हुने हुदा जोखिम न्यूनीकरणसम्बन्धी ऐन नियम तथा नियमन निकायले दिएका निर्देशनहरुको पालना गर्दै व्यवसायिकता प्रदर्शन गर्नु अति आवश्यक महशुस गरिएको छ।

**उपयोगी सामग्री ...**

# सम्पति शुद्धीकरण निवारण र ग्राहक पहिचान



विनोदकुमार नेपाल
प्रमुख, कम्प्लायन्स महाशाखा, रा.वा.बैंक लि.

सम्पत्ति शुद्धीकरण भन्नाले गैरकानुनी कार्य गरी आर्जन गरेको सम्पत्तिलाई कानूनी स्रोतबाट भएको देखाउन त्यस्तो सम्पत्तिको वास्तविक स्रोत लुकाउने, प्रकृति बदल्ने वा कारोबार छल्ने कार्यलाई बुझिन्छ। यसैगरी व्यक्तिगत वा सांगठनिक रुपमा हुने आतंकवादी क्रियाकलापहरुमा प्रत्यक्ष वा परोक्ष रुपमा आर्थिक सहयोग गर्ने कार्यलाई 'आतंकवादी क्रियाकलापमा वित्तीय लगानी' मानिन्छ।

सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी गर्ने विषय सीमाविहीन वित्तीय अपराध हो। यसबाट सबैजसो मुलुक प्रत्यक्ष वा परोक्ष रुपमा प्रभावित हुन्छन्। यसैले यो साझा चिन्ता र चासोको विषय हो। यसैले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रयास हुँदै आएका छन्। यसका लागि विभिन्न संगठनहरु गठन भएका र ती सक्रिय समेत छन्। त्यस्ता संगठनले सम्पत्ति शुद्धीकरण सम्बन्धी अपराधहरु नियन्त्रण गर्न विभिन्न मापदण्डहरुको विकास गरेका छन्।

सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानीको प्रभावकारी रुपमा नियन्त्रण नभएसम्म शान्ति सुव्यवस्थाको साथै मुलुकको आर्थिक समृद्धि हुन नसक्ने भएकाले विश्वका अधिकांश मुलुकहरुले यस सम्बन्धमा विशेष रणनीतिक कानूनी, संरचनागत र अनुसन्धानात्मक व्यवस्था गरेको पाइन्छ। नेपालमा पनि यस्ता अपराधहरुको प्रभावकारी निवारण गर्न निवारणात्मक, नियन्त्रणात्मक तथा दण्डात्मक व्यवस्था गर्दै राष्ट्रिय क्षमता अभिवृद्धि गर्ने प्रयास हुँदै आएको छ। सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानीलाई गैरकानुनी रुपमा लिई त्यसको प्रभावकारी नियन्त्रण, गर्न आवश्यक निषेधकारी उपायहरु अपनाउन तथा सरोकारवालाहरुलाई सक्षम र तत्पर एवं सर्वसाधारण सबैलाई सचेत तथा जागरुक बनाउन समेत प्रयास भएको छ।

विश्वले निकै अघिदेखि चासो राखेको यस विषयले हामीकहां निकै पछि प्रवेश पाएको हो। नेपालमा २०६४ सालमा मात्र सम्पत्ति शुद्धीकरण निवारण ऐन आएको हो। त्यसपछि नियमावली आयो। सम्पत्ति शुद्धीकरण ऐनमा २०६८ मा पहिलो र २०७० मा दोस्रो संशोधन भयो भने सो सम्बन्धी नयां नियमावली २०७३ सालमा जारी भयो। यिनको कार्यान्वयनका लागि विभिन्न संस्थागत तथा संरचनागत व्यवस्था गरिएका छन् ।

बनेका ऐन कानुन र जारी निर्देशनहरुले मुलुकभित्र सम्पत्ति शुद्धीकरणको सम्भावनालाई समाप्त गर्ने प्रयास गरेका छन्। तर जोखिमका क्षेत्रहरु जस्तो हुण्डी, सहकारी, बहुमूल्य धातुको कारोबार तथा रियलस्टेट क्षेत्रको प्रभावकारी नियमन हुन नसकेको तथा आवश्यक कानूनसमेत बन्न नसकेको कारण अनौपचारिक अर्थतन्त्रमाथि नियन्त्रण गर्ने कार्य चुनौतीपूर्ण नै छ । अनौपचारिक अर्थतन्त्रले औपचारिक अर्थतन्त्रलाई कमजोर बनाइरहेको सन्दर्भमा यसप्रति कठोर हुनु अनिवार्य छ र यसमा बैंक तथा वित्तीय संस्थाहरुकै भूमिका हुने भएकाले कारोबारमा विशेष सजगता आवश्यक छ।

यसै सन्दर्भमा नेपाल राष्ट्र बैंकद्वारा गत साउन १ गते देखि ग्राहक पहिचानलाई बाध्यकारी बनाउने तथा कारोबार रकमको स्रोत पुष्टि गर्ने, सीमा भन्दा बढीको कारोबार चेकमार्फत गर्ने जस्ता बाध्यकारी व्यवस्था सहितको निर्देशन जारी भएको छ। त्यसो त यस सम्बन्धमा जारी यो पहिलो निर्देशन होइन। तर यसपटक जारी निर्देशनमा सम्पूर्ण कार्य २०७५ आषाढ मसान्तसम्म सम्पन्न गर्नुपर्ने बाध्यकारी व्यवस्था छ। निर्देशन बमोजिमका कार्यहरु निर्धारित अवधिभित्र सम्पन्न नभएमा हुने कारबाही र जरिवाना सम्बन्धमा समेत एकीकृत निर्देशन, २०७४को निर्देशन नं १९ मा स्पष्ट रुपमा उल्लेख गरिएकोले यसप्रति बैंक तथा वित्तीय संस्थाहरुको विशेष चासो पुगेको छ। निर्देशनमा उल्लेख भएका मध्ये अधिकांश कार्यहरु केन्द्रीय तहबाट नै हुने छ। तर त्यसका लागि आवश्यक सूचना र जानकारी भने शाखाहरुबाट उपलब्ध हुनुपर्छ।

**जारी निर्देशनमा भएका केही व्यवस्था :**

- नीति र कार्यविधिहरु बनाउने र कार्यान्वयन गर्ने,
- ग्राहक पहिचान तथा सम्पुष्टि गर्ने,
- आतंककारी व्यक्ति, समूह वा संगठन सम्बन्धी सूचना लिने र सुचीकृत व्यक्ति पहिचान गर्ने,
- उच्च पदस्थ व्यक्ति (PEPs) र तिनका परिवारका सदस्यको पहिचान गर्ने,
- वास्तविक धनी पहिचान गर्ने,
- वृहत ग्राहक पहिचान अन्तर्गत विद्युतीय माध्यमबाट कारोबार गर्ने ग्राहक, उच्च नेटवर्थ भएका, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी अपराधमा संलग्न हुन सक्ने आधार देखिएका, भ्रष्टाचार, करछलीलगायत अन्य आपराधिक कार्यका आधारमा उच्च जोखिममा रहेका मुलुकका ग्राहक, नगदको बढी प्रयोग हुने व्यवसायमा संलग्न ग्राहक आदिको पहिचान गर्ने,
- विभिन्न माध्यमबाट हुने रकमान्तर र नगद कारोबार प्रति सजग हुने, र
- कारोबारमा निहीत जोखिमको आधारमा ग्राहकको वर्गीकरण गर्ने तथा जोखिमपूर्ण कारोबार गर्ने ग्राहकहरुका कारोबारमा विशेष निगरानी राख्नुका साथै सो सम्बन्धमा आवश्यक सजगता अपनाउने।

**शाखा कार्यालयहरुको दायित्व :**

- ग्राहक पहिचान (KYC) लाई प्राथमिकतामा राखी ग्राहकलाई राम्ररी चिनेर मात्र सम्बन्ध स्थापित गर्ने।
- ग्राहकका सम्बन्धमा सकेसम्म धेरै जानकारी र सूचना लिने,
- व्यक्तिगत, पारिवारिक तथा पेशा, व्यवसाय, कारोबार अर्थात आय आर्जनको स्रोत सम्बन्धी विवरण लिएर मात्र कारोबार गराउने,
- ग्राहकको स्थिति,अवस्था र कारोबार बारे अद्यावधिक हुने।
- पुराना खाताका हकमा ग्राहकहरुसंग सम्पर्क गरी नयां व्यवस्था बमोजिमका विवरणहरु अद्यावधिक गर्ने।
- अस्वाभाविक कारोबारहरु भएमा त्यसको सोधखोज गर्ने,
- ठूलो कारोबारमा सोको स्रोत र प्रयोजनको बारेमा जानकारी लिने,
- ग्राहकको व्यवहारको निगरानी गर्ने,
- खाता खोल्दा वा अद्यावधिक गर्ने क्रममा उल्लेख गरिएको पेशा,व्यावसाय, स्रोत, कारोबार आदि संग मेल नखाने तथा शंकास्पद कारोबारहरुको पहिचान गरी तिनको विवरण केन्द्रीय कार्यालय कम्प्लायन्स महाशाखामा पठाउने।

यसैले खाताको संख्या बढाउने वा निक्षेप संकलनको लक्ष्य प्राप्त गर्ने उद्देश्य मात्र नराखी व्यक्तिको पेशा व्यवसाय, पारिवारिक र अन्य पृष्ठभूमी जस्ता विषयमा विस्तृत जानकारी लिने, ग्राहकहरुको व्यवहार प्रति सजग हुने जस्ता पक्षमा विशेष ध्यान दिनुपर्छ। ऐन, नियमावली र निर्देशन बमोजिम आवश्यक नीति, कार्यविधि तथा प्रक्रियाहरुको निर्माण केन्द्रीय तहबाट हुने र सो सम्बन्धी कार्य भइरहेको तथा प्रविधिको सहायताले कारोबारलाई सहज गराउने सन्दर्भमा Software परीक्षणको क्रममा रहेकोले सो बाट यस सम्बन्धी कार्यहरुमा निकै सहयोग पुग्ने छ। तर त्यसका लागि आवश्यक Input दिने काम हाम्रो नै भएकाले त्यसलाई प्राथमिकतामा राखी काम गर्नु आजको आवश्यकता हो।

बैंकले यिनै निर्देशनको कार्यान्वयनका सन्दर्भमा कर्मचारीहरुलाई विषयको गम्भीरता र जिम्मेवारीका सम्बन्धमा जानकारी गराउने अभिप्रायले विभिन्न तहमा तालिम तथा प्रशिक्षणहरुको आयोजना गरिरहेको छ । यिनमा सहभागी हुनेहरुले आफुले प्राप्त गरेको जानकारी अन्य सहकर्मीहरुलाई जानकारी गराएमा यसबाट सम्पूर्ण कर्मचारीहरु यसको आवश्यकताका सम्बन्धमा स्पष्ट हुने भएकाले यसलाई पनि सबैले आफ्नो जिम्मेवारीको रुपमा लिनुपर्छ। खाता खोल्ने र कारोबारका सन्दर्भमा भएका नयां व्यवस्थाहरु सम्पत्ति शुद्धीकरणको बढ्दो चुनौती सामनासंग जोडिएको विषय हुन्। यसको मूल अभिप्राय वित्तीय कारोबारमा पारदर्शिता तथा सोको वास्तविक धनीको पहिचान गर्नु हो। यसैगरी अर्काको खाता अनधिकृत रुपमा प्रयोग गर्ने वा कृत्रिम व्यक्ति खडा गरी कारोबार गर्ने प्रवृत्तिको अन्त्य गर्नु पनि यसको उद्देश्य हो। यसो गर्दा अवैध आर्जनलाई वैध बनाउन असहज हुने र यसले आपराधिक तथा अवैध कार्यबाट आर्जित धन तथा कारोबारमा लगाम लाग्ने भएकाले यस कार्यमा हामी सबै गम्भीर हुनुपर्छ।

# विभाग स्तरीय गोष्ठी सम्पन्न

**काठमाडौं, १७ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका विभागीय प्रमुखहरु, क्षेत्रीय प्रवन्धकहरु र मुख्य शाखा कार्यालयका प्रवन्धक सम्मिलित लक्ष्य प्रगति समीक्षा तथा रणनीति तर्जुमा गोष्ठी पातलेवन भिलेज रिसोर्टमा सम्पन्न भएको छ। सो गोष्ठीमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकिङ्ग क्षेत्रमा आईरहेको बढ्दो जोखिमलाई न्यूनिकरण गर्दै प्रतिष्पर्धी बजारमा आफ्नो लक्ष्य पुरा गरी व्यवसाय बृद्धि गर्नुपर्ने चुनौती रहेको र सो चुनौतीलाई सामना गरी अगाडि बढ्न सकेमा व्यवसायिक रुपमा उत्कृष्ट हुने विचार व्यक्त गर्नुभयो। साथै उहाले बैंकले राज्यले लिएका लक्ष्यलाई सघाउ पुर्याउदैं जोखिम न्यूनिकरणका सम्बन्धमा नियमन निकायले दिएका निर्देशनहरुको पूर्णरुपमा परिपालना गनुपर्ने विचार व्यक्त गर्नुभयो। सो गोष्ठीमा नायव प्रमुख कार्यकारी अधिकृत द्वय विष्णुप्रसाद बैद्य, भुपेन्द्र पाण्डे नायव महाप्रवन्धक सुशिल श्रेष्ठ, कविराज अधिकारी, केशवप्रसाद लम्साल, टेकराज जोशी र उद्धवप्रसाद खनालको उपस्थिति रहेको थियो।





# प्रवन्धक स्तरीय क्षेत्रीय गोष्ठीहरू

**काठमाडौं, २४ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड ब्रान्च अपरेशन विभागको आयोजना तालिम तथा विकास विभागको व्यवस्थापन र क्षेत्रीय कार्यालयहरुको संयोजनमा विभिन्न क्षेत्रमा शाखा प्रबन्धक स्तरीय लक्ष्य प्रगति समीक्षा गोष्ठी सम्पन्न भएका छन्। बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न भएका उक्त गोष्ठीहरुमा पूर्ण अवधि सहभागी भइ सम्पूर्ण शाखा प्रबन्धकहरुका शाखागत समस्या र उहाहरुका भावनाहरु ध्यानपूर्वक ग्रहण गर्नु भयो। उक्त गोष्ठीहरुको समापन कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले बैंकिङ्ग क्षेत्रमा आईरहेको बढ्दो जोखिमलाई न्यूनीकरण गर्दै शाखाहरुले प्रतिष्पर्धी बजारमा आफ्नो लक्ष्य पुरा गरी व्यवसाय बृद्धि गर्नुपर्ने चुनौती रहेको र सो चुनौतीलाई सामना गरी अगाडि बढ्न सक्ने शाखा नै व्यवसायिक रुपमा उत्कृष्ट हुने विचार व्यक्त गर्नुभयो। साथै उहाले राज्यले लिएका लक्ष्यलाई सघाउ पुर्याउदै जोखिम न्यूनीकरणका सम्बन्धमा नियमन निकायले दिएका निर्देशनहरुको पूर्ण रुपमा पालाना गरी कार्य गर्न शाखा प्रबन्धकहरुलाई निर्देशन दिनु भयो।

### काठमाडौं क्षेत्र

क्षेत्रीय कार्यालय काठमाडौं अन्तरगतका शाखाहरुको आ.व. २०७३।०७४को प्रगति तथा आ.व. २०७४।०७५को लक्ष्य र सो प्राप्तीको लागि रणनीति तयार गर्न सो



क्षेत्र अन्तरगतका शाखा प्रबन्धकहरुको गोष्ठी भदौ २६ र २७ गते धुलिखेलमा सम्पन्न भएको छ। सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायव प्रमुख कार्यकारी अधिकृतद्वय बिष्णुप्रसाद बैद्य तथा भुपेन्द्र पाण्डे, नायव महाप्रबन्धक कविराज अधिकारी, केशवप्रसाद लम्साल, टेकराज जोशी तथा उद्धवप्रसाद खनाल, कर्जा विभागका प्रमुख नरेश अर्याल, सामान्य सेवा विभागका प्रमुख कपिलमणि ज्ञवाली, सूचना प्रविधि विभागका प्रमुख देवेशप्रसाद लोहनी, ट्रेजरी विभागका प्रमुख देवेन्द्ररमण खनाल, आन्तरिक लेखापरीक्षण विभागका प्रमुख महेशराज खरेल, तालिम तथा विकास विभागका प्रमुख मित्रलाल पंज्ञानी, कृषि तथा सामाजिक बैंकिङ्ग विभागका प्रमुख दिवाकर बशिष्ठ, जोखिम व्यवस्थापन तथा कर्जा अनुगमन विभागका प्रमुख कृष्णानन्द झा, कम्प्लायन्स महाशाखाका प्रमुख विनोदकुमार नेपाल, क्षेत्रीय प्रबन्धक शशी आचार्यको उपस्थिति रहेको थियो भने सो गोष्ठीमा काठमाडौं क्षेत्रीय कार्यालय अन्तरगतका ३९ शाखा कार्यालयका प्रबन्धकहरुको सहभागीता रहेको थियो।

### विराटनगर क्षेत्र

आ.व. २०७३।०७४को प्रगति तथा आ.व. २०७४।०७५को लक्ष्य र सो प्राप्तीको लागि रणनीति तयार गर्न क्षेत्रीय कार्यालय विराटनगर अन्तरगतका शाखा प्रबन्धकहरुको गोष्ठी असोज २० र २१ गते धरानमा सम्पन्न भएको छ। सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायव महाप्रबन्धक उद्धवप्रसाद खनाल, सूचना



प्रविधि विभागका प्रमुख देवेशप्रसाद लोहनी, आन्तरिक लेखापरीक्षण विभागका प्रमुख महेशराज खरेल, जोखिम व्यवस्थापन तथा कर्जा अनुगमन विभागका प्रमुख कृष्णानन्द झा, कम्प्लायन्स महाशाखाका प्रमुख विनोदकुमार नेपाल, क्षेत्रीय प्रबन्धक राजेन्द्रकुमार कट्टेल, कर्जा विभागका उप प्रमुख संजयकुमार श्रेष्ठ तथा तालिम तथा विकास विभागका उप प्रमुख शिवराम पौडेल लगायत विराटनगर क्षेत्रीय कार्यालय अन्तरगतका ४२ शाखा कार्यालयका प्रबन्धकहरुको सहभागीता रहेको थियो। सो गोष्ठीमा नेपाल राष्ट्र बैंकका निर्देशक बिनोदराज आचार्यले AML /CFT सम्बन्धी प्रशिक्षण दिनु भएको थियो।

### वीरगंज क्षेत्र

आ.व. २०७३।०७४को प्रगति तथा आ.व. २०७४।०७५को लक्ष्य र सो प्राप्तीको लागि रणनीति तयार गर्न क्षेत्रीय कार्यालय वीरगंज अन्तरगतका शाखा प्रबन्धकहरुको गोष्ठी असोज २३ र २४ गते हटौडामा सम्पन्न भएको छ। सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायव महाप्रबन्धक उद्धवप्रसाद खनाल, सूचना प्रविधि विभागका प्रमुख देवेशप्रसाद लोहनी, आन्तरिक लेखापरीक्षण विभागका प्रमुख महेशराज खरेल, जोखिम व्यवस्थापन तथा कर्जा अनुगमन विभागका प्रमुख कृष्णानन्द झा, कम्प्लायन्स महाशाखाका प्रमुख विनोदकुमार नेपाल, क्षेत्रीय प्रबन्धक मनोजकुमार वर्मा, कर्जा विभागका उप प्रमुख संजयकुमार श्रेष्ठ तथा तालिम तथा विकास विभागका उप प्रमुख शिवराम पौडेल लगायत वीरगंज क्षेत्रीय कार्यालय अन्तरगतका २३ शाखा कार्यालयका प्रबन्धकहरुको सहभागीता रहेको थियो।

यूनियन गतिविधी

# कर्मचारी संघ नेपालको २८ औ वार्षिकोत्सब

**काठमाडौं, ६ साउन**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको २८ औं वार्षिकोत्सव कार्यक्रम विविध कार्यक्रमकाबीच सम्पन्न भएको छ । नेकपा (एमाले) की उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले एक समारोहका बीच २८ औं वार्षिकोत्सब मुल कार्यक्रमको समुदघाटन गर्नुभयो । राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालकका अध्यक्ष बेदबहादुर लावतीको अध्यक्षतामा आयोजित कार्यक्रममा पेसागत महासघं नेपालका उपाध्यक्ष शंकर सुवेदी, बैंक, बीमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ (BIFU) नेपालका राष्ट्रिय अध्यक्ष नारायणप्रसाद सुवेदी, प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, कर्मचारी संघ नेपालका पूर्व अध्यक्ष कमल खरेल, शिवकुमार अधिकारी, नेपाल वित्तीय संस्था कर्मचारी संघ, रावा बैंकका उपाध्यक्ष दिनेशबिक्रम थापा, नेपाल राष्ट्रिय कर्मचारी संगठनका महासचिव अशोक शिवा, राष्ट्रिय कर्मचारी संगठन नेपालका उपमहासचिव उभार पाण्डले शुभकामना मन्तब्य ब्यक्त गर्नुभएको थियो । कार्यक्रममा पेशागत हक, हित तथा संस्थाको सम्बर्द्धनका विषयमा व्यापक रुपमा विषयहरु उठान गरिएको थियो ।




२८ औं वर्षिकोत्सव अवसरमा ८६ जना बैंक कर्मचारीहरुले रक्तदान गर्नुभएको थियो । साथै सो अवसरमा बैंक कर्मचारीहरुबीच भएको तातो आलु नामक खेल प्रतियोगिता समेत संचालन गरिएको थियो । कर्मचारी संघमा आवद्ध निवृत ४४ जना बैंक कर्मचारीहरुलाई संघको आजीवन सदस्य पदक प्रदान गरिएको थियो । २०७३ सालको माध्यामिक शिक्षा परीक्षमा उत्कृष्ट जीपिए प्राप्त गर्ने कर्मचारी संघमा आवद्ध बैंक कर्मचारीहरुका ७ जना छोरा छोरीहरुलाई राविया छात्रवृत्ति पुरस्कार प्रदान गरिएको थियो । कर्मचारी संघ नेपालका महासचिव हेमराज सुवेदीले संचालन गर्नुभएको सो कार्यक्रममा वरिष्ट उपाध्यक्ष भरत भट्टराईले स्वागत मन्तव्य दिनुभएको थियो । कार्यक्रमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत, नायब महाप्रवन्धकहरु, विभागीय प्रमुखहरु लगायत कर्मचारीहरुको भब्य उपस्थिति रहेको थियो ।

# राबियाको तीज विशेष कार्यक्रम

**काठमाडौं, २८ साउन**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल केन्द्रीय महिला विभागद्धारा आयोजित महिलाहरुको महान चाड हरितालिका तीजको अवसरमा ट्रेड युनियन आन्दोलनमा पेशाकर्मी महिलाहरुको भुमिका विषयक प्रशिक्षण, नाचगान, दर खाने तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ ।

रावा बैंक कर्मचारी संघ नेपालकी उपाध्यक्ष एवं केन्द्रीय महिला विभागकी ईन्चार्ज तोया ढुङ्गेलको अध्यक्षतामा आयोजित सो कार्यक्रमको प्रमुख आतिथ्यता



पेसागत महासंघ नेपालकी उप महासचिव पूर्ण जोशीले गर्नुभएको थियो । सो कार्यक्रममा कर्मचारी संघ नेपालका अध्यक्ष बेदवहादुर लावती, बरिष्ट उपाध्यक्ष भरत भट्टराई, महासचिव हेमराज सेवेदी, केन्द्रीय महिला विभागकी संयोजक लक्ष्मी ज्ञवाली, फियन रावाबैंककी महिला विभाग सचिव सविता सुवेदी लगायत करिब महिला कर्मचारीहरु सहभागीता रहेको थियो ।

# फियनको तीज विशेष कार्यक्रम



**काठमाडौं, २७ साउन**

नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय महिला विभागको आयोजनामा नेपाली महिलाहरुको महान चाड हरितालिका तीजको अवसरमा शुभकामना आदन प्रदान तथा दर खाने कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रम नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि. की केन्द्रीय उपाध्यक्ष तथा महिला विभाग संयोजक उषा श्रेष्ठको सभापतित्वमा सम्पन्न भएको थियो भने नेपाली कांग्रेसकी केन्द्रीय सदस्य तथा सभासद् सुजाता परियार प्रमुख अतिथि तथा धनगढी उप महानगरपालिकाकी उप प्रमुख सुशिला भट्ट विशिष्ठ अतिथि रहनु भएको थियो । सो कार्यक्रममा प्रमुख अतिथि, विशिष्ट अतिथि, ट्रेड युनियन कांग्रेसकी राष्ट्रिय उपाध्यक्ष रमा पौडेल, नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि.का केन्द्रीय अध्यक्ष जितेन्द्रसिंह थापा, रा.बा.बैंकका नायब प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डे समेतले उपस्थित महिलाहरुमा तीजको शुभकामना दिनु भएको थियो ।

# राष्ट्रिय वाणिज्य बैंकका दुई कर्मचारी संगठनको एकीकरण

**काठमाडौं, १ भदौ**

ट्रेड युनियन ऐन अन्तरगत दर्ता भई राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा क्रियाशील रहेका दुई संगठन नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंक र राष्ट्रिय कर्मचारी संगठन नेपाल राष्ट्रिय वाणिज्य बैंकबीच २०७४ भदौ १ गते राष्ट्रिय कर्मचारी महासंघको कार्यालय बबरमहलमा एक समारोह गरी एकीकरण भएका छन् । सो एकीकरण समारोहले दुई संगठन एकीकरण भएपछि नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंकका नाममा सांगठानिक गतिविधि गर्ने गरी दीपेन्द्र कार्कीको अध्यक्षतामा ५७ सदस्यीय केन्द्रीय समिति गठन गरेको छ ।

# युनियनहरूको संयुक्त शुभकामना कार्यक्रम

**काठमाडौं, ३० असोज**




राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा कार्यरत तीनवटै क्रियाशील ट्रेड युनियनहरु कर्मचारी संघ नेपाल, नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्रिय कर्मचारी संगठनको संयुक्त आयोजनामा २०७४ सालको महान चाड विजयादशमी, शुभ दिपावली, नेपाल सम्वत ११३८, छठ, ल्होसार, इद, उभौली, उधौली, चासोकतङनाम लगायत नेपालीहरुको सम्पूर्ण चाडपर्वको उपलक्षयमा आयोजित शुभकामना आदान-प्रदान कार्यक्रम भब्य समारोहकाबीच सम्पन्न भएको छ ।

बैंक संचालक समितिका सदस्य डा.रामदेव सिंहको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । रावाबैंक कर्मचारी संघ नेपालका अध्यक्ष बेदबहादुर लावती, नेपाल वित्तीय संस्था कर्मचारी संघका अध्यक्ष जितेन्द्रसिंह थापा, नेपाल राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष दीपेन्द्र कार्कीले आ.व. ०७२/७३ को बोनस बितरण हालसम्म नगरेको तथा कर्मचारीको हक, हित र ट्रेड युनियनको अधिकारको विषयमा जोडदार रुपमा आवाज उठाउनु भएको थियो । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकमा भई रहेको कामहरुको विबेचना गर्दै युनियनहरुसंग सहकार्य गर्दै उठाईएका समास्या समाधान गर्दै अगाडि बढ्न बैंक ब्यवस्थापन तयार रहेको बताउनु भयो ।

कार्यक्रममा रावाबैंक कर्मचारी संघ नेपालका महासचिव हेमराज सुवेदीले स्वागत मन्तव्य दिंदै कर्मचारीहरुका समस्याहरुमा प्रबेश गर्नु भएको थियो भने कार्यक्रमको संचालन नेपाल वित्तीय संस्था कर्मचारी संघका महासचिव माधवदत्त पन्त र नेपाल राष्ट्रिय कर्मचारी संगठनका महासचिव उभार पाण्डेले पालैपालो गर्नु भएको थियो । कार्यक्रममा नायव प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डे, नायव महाप्रवन्धक सुशिल श्रेष्ठ, कविराव अधिकारी, केशवप्रसाद लम्साल, टेकराज जोशी, उद्धवप्रसाद खनाल, विभागीय प्रमुखहरु तथा अधिकांश कर्मचारीहरुको उपस्थिति थियो ।

मानव संशाधन

## विदेश भ्रमण



सन् २०१७ सेप्टेम्बर १० देखि १५ सम्म यूनाइटेड अरब इमिरेट्सको अबुधाबीमा संचालित "Supply Installation, testing and commissioning of EMV personalization system and the printing, supply and delivery of chip based EMV card " को टेन्डर कार्यक्रममा बैंकका देहाय वमोजिमका कर्मचारीहरुले भाग लिनुभयो ।

| पद तथा नाम | | कार्यरत कार्यालय |
|---|---|---|
| १. मुख्य प्रवन्धक | कपिलमणि ज्ञवाली | सामान्य सेवा विभाग |
| २. का.मु.मुख्य प्रवन्धक | रिको स्थापित | इलेक्ट्रोनिक बैंकिङ्ग विभाग |
| ३. प्रवन्धक | हेमन्त जि.सी. | इलेक्ट्रोनिक बैंकिङ्ग विभाग |
| ४. उप प्रवन्धक | भवेशचन्द्र प्रधानाङ्ग | सामान्य सेवा विभाग |

## तालिम विदेश



सन् २०१७ सेप्टेम्बर १९ देखि २१ सम्म थाईलैण्डको बैंककमा संचालित "International Training on Risk Based Implementation of Anti Money Laundering and Combating the Financial of Terrosim(AML/CFT) " विषयक तालिम कार्यक्रममा बैंकका निम्न कर्मचारीहरुले सफलतापूर्वक भाग लिनुभयो ।

| पद तथा नाम | | कार्यरत कार्यालय |
|---|---|---|
| १. प्रवन्धक | बिनोदकुमार नेपाल | कम्प्लायन्स महाशाखा |
| २. सहायक प्रवन्धक | प्रमोद भूर्जी | कम्प्लायन्स महाशाखा |
| ३. सहायक प्रवन्धक | अर्तिनाथ बोकी श्रेष्ठ | कम्प्लायन्स महाशाखा |

समाचार संक्षेप

## नयाँ जिम्मेवारी

### नायब महाप्रवन्धकमा उद्धवप्रसाद खनाल बढुवा

राष्ट्रिय वाणिज्य बैंक संचालक समितिको मिति २०७४ भदौ १ को निर्णयअनुसार उद्धवप्रसाद खनाल (९८९९) लाई नायब महाप्रवन्धक पदमा बढुवा गरिएको छ ।

### कम्पनी सचिवमा बरिष्ठ प्रबन्धक जगन्नाथ कुईकेल

बरिष्ठ प्रवन्धक जगन्नाथ कुईकेल (९८२६) लाई मिति २०७४ असोज १० गतेदेखि राष्ट्रिय वाणिज्य बैंक लि.को कम्पनी सचिवको जिम्मेवारी तोकिएको छ ।

## राष्ट्रिय वाणिज्य बैंकका संचालक बरालद्वारा शपथ ग्रहण



राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा रिक्त रहेको संचालक पदमा संखुवासभा जिल्ला चिचिला गाउँपालिका वडा नं. १ निवासी जनककुमार बराल नेपाल सरकार मन्त्रीस्तरीय निर्णयबाट नियुक्त हुनुभएको छ । बैंक संचालक समितिका अध्यक्ष डा. रबीन्द्रप्रसाद पाण्डेले संचालक जनककुमार बराललाई २०७४ भदौ १ गते पद तथा गोपनीयताको शपथ गराउनु भएको छ । संचालक बराल चाटर्ड एकाउण्टेन्ट हुनुहुन्छ ।

## रावाबैंकको मुनाफा ३ अर्व ८ करोड

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले गत आ.व.२०७३।०७४ मा ३ अर्व ८ करोड रुपैया खुद मुनाफा आर्जन गर्न सफल भएको छ । यो मुनाफा अघिल्लो आ.व.को तुलनामा ३१ प्रतिशतले बढी हो । यस अवधिमा बैंकले १ खर्व ५३ अर्व रुपैंया निक्षेप संकलन गरी १ खर्व ६ अर्व रुपैंया कर्जा लगानी गरेको छ । बैंकले निष्क्रिय कर्जा २.३५ प्रतिशतमा झार्न सफल भएको छ । यस अवधिमा बैंकको कर्जा निक्षेप अनुपात ६९.३० प्रतिशतमा रहेको छ ।**

## आरविवि मर्चेन्ट बैंकिङ्ग लि.को

### प्रथम वार्षिक साधारण सभा सम्पन्न

**काठमाडौं, १९ साउन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सहायक कम्पनी आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडको प्रथम वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष एवं राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको छ । साधारण सभाले आ.व. २०७२/०७३ को वार्षिक प्रतिवेदन सहित विविध प्रस्तावहरु पारित गरेको छ । साधारण सभामा अध्यक्ष किरणकुमार श्रेष्ठले हाल शहरी क्षेत्रमा मात्र रहेको मर्चेन्ट बैंकिङ्ग सेवा राष्ट्रिय वाणिज्य बैंकको ६८ जिल्लामा रहेका १७९ वटा शाखा कार्यालयबाट पनि यो सेवा लिन सकिने हुंदा दुरदराजमा रहेका जनताहरुले पनि मर्चेन्ट बैंकिङ्ग सेवा लिन सकिने सम्भावना देखिएको बताउनु भएको छ । आरविवि मर्चेन्ट बैंकिङ्गका प्रमुख कार्यकारी अधिकृत शंकरकुमार रायमाझीले हाल १० करोड चुक्तापूँजी रहेको मर्चेन्ट बैंकिङ्गले निकट भविष्यमै कारोबार संचालन गर्ने बताउनुभयो ।

साधारण सभामा आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडका संचालकहरु कबिराज अधिकारी, केसवप्रसाद लम्साल, देवेन्द्ररमण खनाल, बैंकका नायब




प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डे, नायब महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, टेकराज जोशी, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो । साधारण सभालाई कम्पनी सचिव बिष्णुप्रसाद कंडेलले सहजीकरण गर्नुभएको थियो ।

सिइओ रायमाझीका अनुसार हाल उक्त मर्चेन्ट बैकिङ्गले कारोबार सुरु गरिसकेको जानकारी प्राप्त भएको छ ।

## उत्कृष्ट कार्य सम्पादन पुरस्कार वितरण ........

खत्री, सहायक अनिल खनाल, क.स. कमला गुरुङ्ग, स.बा. दोलखबहादुर पछाई, स.प्र. (कृषि) जनन्नाथ अधिकारी, ब.स. लोकबहादुर अधिकारी, सहायक लाल रोकाय, क.स. धनबहादुर रावललाई प्रदान गरिएको थियो ।

सो अवसरमा सर्वप्रथम हुने शाखा कार्यालय नाराणपुर (४३६)का शाखा प्रवन्धक हेमबहादुर खड्कालाई पुरस्कार प्रदान गरियो । त्यसैगरी विशिष्ट श्रेणी तथा "क" वर्गका शाखाहरुमध्ये प्रथम बुटवल खस्यौली (३१२), द्वितीय अमरसिंहचोक (३४८), तृतीय बानेश्वर (१४२) लाई पुरस्कार वितरण गरियो । "ख" वर्गका शाखाहरुमध्ये प्रथम भैरहवा (३०८), द्वितीय हेटौंडा (१३०), तृतीय भरतपुर (१३१) लाई पुरस्कार प्रदान गरियो । त्यसैगरी "ग" वर्गका शाखाहरुमध्ये प्रथम दिक्तेल (२०६) र विर्तामोड (२६२), द्वितीय नारायणगढ (१६२), तृतीय सिन्धुली (१०६), दमक (२१४), धादिङ्ग (१०३), सूर्यविनायक (१३७), पृथ्वीचोक (३०२) लाई पुरस्कार प्रदान गरियो । "घ" वर्गका शाखाहरुमध्ये प्रथम निजगढ (१२९) र भोजपुर (२०४), द्वितीय दैलेख (४०१), तृतीय बरगाछी (२२५) र मन्थली (१६८) लाई पुरस्कार



प्रदान गरियो । "ङ" वर्गका शाखाहरुमध्ये प्रथम नारायणपुर (४३६), द्वितीय इलामबजार (२४६) र रातामाटा (१४८), तृतीय कोटीहवा (३३९), भजनी (४१५), भुरीगांउ (४४७) र रामपुर (३५१) लाई पुरस्कार प्रदान गरियो ।

सो कार्यक्रममा बैंक संचालक समितिका अध्यक्ष डा. रवीन्द्रप्रसाद पाण्डेले उत्कृष्ट कर्मचारी तथा शाखा कार्यालयका प्रवन्धकहरुलाई पुरस्कार प्रदान गर्नुहुदै संस्थालाई गतिशील रुपमा अगाडि बढाईराख्न कर्मचारीहरुमा प्रदान गरिने पुरस्कारले स्वस्फुर्त रुपमा उत्प्रेरित भई प्रतिफल प्राप्त गर्न सकिने विचार व्यक्त गर्नुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले कर्मचारीहरुले गरेको उत्कृष्ट कार्यको परिणाम स्वरुप बैंकले आफ्नो लक्ष्यहरु हासिल गर्न सकेको र बैंकको वित्तीय परिसुचकहरु सकारात्मक हुन पुगेको विचार व्यक्त गर्नुभयो । कार्यक्रममा बैंक संचलक समितिका सदस्यहरु डा. रामदेव सिंह, रवीन्द्रलाल श्रेष्ठ, जनककुमार बराल, नायब प्रमुख कार्यकारी अधिकृतद्वय बिष्णुप्रसाद बैद्य, भुपेन्द्र पाण्डे, नायब महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, कविराज अधिकारी, केसवप्रसाद लम्साल, टेकराज जोशी, उद्धवप्रसाद खनाल, विभागीय प्रमुखहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा नायब महाप्रवन्धक सुशिल श्रेष्ठले घोषण गरिएको सर्वोत्कृष्ठ बैंक पुरस्कार, बैंक सेवा पुरस्कार तथा उत्कृष्ट शाखाको छनौट विधिको बारेमा प्रकाश पार्नुभएको थियो । कार्यक्रममा रावाबैंक कर्मचारी संघ नेपालका अध्यक्ष बेदबहादुर लावती, नेपाल वित्तीय संस्था कर्मचारी संघ, रावाबैंकका बरिष्ठ उपाध्यक्ष दिनेशबिक्रम थापा, नेपाल राष्ट्रिय कर्मचारी संगठन, रावाबैंकका महासचिव उभार पाण्डेले शुभकामना मन्तब्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा तालिम तथा विकास विभागका प्रमुख मित्रलाल पंज्ञानीले स्वागत मन्तब्य तथा ब्रान्च अपरेशन विभागका उप प्रमुख नारायणप्रसाद सुवेदीले कार्यक्रम संचालन गर्नुभएको थियो ।



### कपिलमणि ज्ञवाली
विभागीय प्रमुख
सामान्य सेवा विभाग
**सर्वोत्कृष्ट बैंक पुरस्कार प्राप्त कर्मचारी**

सामान्य सेवा विभागका विभागीय प्रमुख मुख्य प्रवन्धक कपिलमणि ज्ञवालीलाई आर्थिक वर्ष २०७२।०७३ मा सर्वोत्कृष्ट बैंक पुरस्कार प्रदान गरिएको छ । सर्वोत्कृष्ट बैंक पुरस्कार प्राप्त गरेको अवसरमा रावाबैंक समाचारका सहायक सम्पादक ईश्वर उप्रेतीले ज्ञवालीसँग गर्नु भएको संक्षिप्त अन्तर्वार्ता ।

**प्रश्न १ : सर्वप्रथम तपाइले राष्ट्रिय वाणिज्य बैंकको ५२ औं वार्षिकोत्सबको अवसरमा सर्वोत्कृष्ट कार्य गर्ने कर्मचारीको रुपमा सर्वोत्कृष्ठ बैंक पुरस्कार पाउनु भएकोमा बधाइ छ । सर्वोत्कृष्ठ बैंक पुरस्कार पाउंदा कस्तो महशुस भईरहेको छ ?**

बधाइको लागि धन्यवाद । बैंक संचालक समिति, व्यवस्थापन, कर्मचारी मित्र लगायत सबैप्रति आभारी छु र आभार व्यक्त गर्दछु । स्वाभाविक रुपमा सर्वोत्कृष्ट कर्मचारीको रुपमा पुरस्कृत हुंदा खुशी महशुस भइरहेको छ काम गर्न थप उर्जा मिलेको छ ।

**प्रश्न २ : तपाईले राष्ट्रिय वाणिज्य बैंकको सेवामा प्रवेश गरेपछि कुन कुन शाखा कार्यालय, विभागमा रहेर कार्य गर्नुभयो र कार्य गर्दाको अनुभव बताइदिनुहोस न ?**

बि.स.२०४५ भाद्र १३ देखि बरिष्ट सहायक पदमा शाखा कार्यालय परासीबाट आरम्भ भएको सेवा शाखा कार्यालय पाल्पा, गल्याङ्गबजार पुनः पाल्पा, सन्धिखर्क, ठाडा, बानेश्वर, ब्रान्च अपरेशन विभाग, सूचना प्रविधि विभाग, इलेक्ट्रोनिक बैंकिङ्ग विभाग हुँदै गत पुसदेखि सामान्य सेवा विभागमा विभागीय प्रमुखको रुपमा कार्यरत छु । यस क्रममा फांट इन्चार्ज, सहायक शाखा प्रवन्धक (गल्याङ्ग र सन्धिखर्क), प्रवन्धक (ठाडा र बानेश्वर) एवं विभागीय उप प्रमुख सूचना प्रविधि विभागमा र पछि सोही विभागदेखि विभागीय प्रमुखको रुपमा कार्यरत छु । शुरुका दिनमा म्यानुअल सिस्टम (लेजर बेस) मा काम गरियो, त्यो काम पनि सन्तुष्ट भएर नै गरियो तर शाखा कार्यालय बानेश्वरमा २०५८ सालमा सरुवा भएर आइसकेपछि अटोमेसन गर्ने कार्यमा संलग्न भएपछिको दिनहरुलाई फर्केर हेर्दा अत्यन्तै खुशी लाग्दछ । आफु अपडेट हुन पाउनु, बैंक अपडेट हुनु, सहकर्मी साथीहरुसंगको सम्बन्ध विस्तार हुनु आदि धेरै कुराहरुले आफुलाई भाग्यमानी ठान्दछु ।

**प्रश्न ३ : पुरस्कारको गरिमा कायम राखिराख्न तपाइले भविष्यमा कसरी कार्य गर्ने योजना बनाउनु भएको छ ?**

यस अघि आ.ब.२०६३/०६४ मा पनि बैंकबाट उत्कृष्ट कर्मचारीको रुपमा पुरस्कृत भएको छु । इच्छा शक्ति कहिल्यै पनि कम भएको महशुस गरिन । कामलाई पनि खेल र मनोरन्जन कै रुपमा लिनु पर्छ जस्तो मलाई लाग्दछ । तथापी सर्वोत्कृट पुरस्कारले पनि त अझबढी प्रेरित भएर काम गर्न मनको दियोमा उर्जा थपेन र ?

**प्रश्न ४ : बैंक कर्मचारीहरूलाई कसरी कार्य गर्ने सुझाब दिन चाहानुहुन्छ ?**

भनिन्छ काम नै पुजा हो । मुख्य कुरा विषयबस्तुको ज्ञान भएर मात्रै पुग्दैन सकारात्मक सोचले पनि अहम भुमिका खेल्छ । लगनशील भएर काम गर्न सकियो भने यसले आफु र संस्था दुबैलाई सफल बनाउंछ । बैंकमा काम गर्ने कर्मचारीहरुले आवश्यक परेका बखत बैंकलाई अतिरिक्त समय पनि दिन सक्नु पर्दछ । समयमै कार्यालय आउने, पुरा समय काम गरेर बस्ने, इमान्दारीपुर्वक काम गर्ने, असल आचरणमा रहने र आफुलाई हरेक समय उत्पादनशील कार्यमा लगाइराख्नु पर्दछ । जुनसुकै शाखा कार्यालयमा रहेता पनि एक आपसमा समन्वय गरी टीम स्पिरिट बनाउने साथै सहयोग दिने लिने बानी बसाएको राम्रो । ग्राहकहरु हाम्रा जीवित देवता भएकाले कर्मचारी मित्रहरुमा समयानुकुल ग्राहकमुखी सेवालाई मुलमन्त्र बनाई सोही बमोजिम सेवा गर्ने बातावरण बनाउन अनुरोध गर्दछु, सुझाब दिन चाहन्छु ।

# २०७४ साउन १ देखि असोज मसान्तसम्म भएका सरुवा विवरण:

| नाम थर | क.नं. | हालको पद | तह | हालको कार्यालय | सरुवा भएको कार्यालय | तह | पद |
|---|---|---|---|---|---|---|---|
| श्री भिम बहादुर माझी | ११८१८ | सहायक(कम्प्यूटर) | ४ | सुर्खेत | के.का.इलेक्ट्रोनिक बैकिङ्ग बिभाग | ४ | सहायक (कम्प्यूटर ) |
| श्री जेम्स जोशी | ११८७२ | सहायक(कम्प्यूटर) | ४ | कोहलपुर | के.का इलेक्ट्रोनिक बैकिङ्ग बिभाग | ४ | सहायक कम्प्यूटर) |
| श्री पदम पाणी पोखरेल | ११४८९ | ब.स. (क.अपरेटर) | ५ | के.का.सस्थागत तथा सा.म.क.बि. | शा.का.त्रि.अ.बि. | ५ | ब.स. (क.अपरेटर) |
| श्री निर्मल खडका | ११८७३ | सहायक(कम्प्यूटर) | ४ | बानेश्वर | शा.का.त्रि.अ.बि. | ४ | सहायक (कम्प्यूटर) |
| श्री रोहित रेग्मी | ११५८० | सहायक प्रबन्धक | ६ | बिराटनगर | के.का कृषि तथा सा.बै.बि. | ६ | सहायक प्रबन्धक |
| श्री हेमराज जोशी | १२०१८ | सहायक (कम्प्यूटर) | ४ | जुम्ला | के.का मानव संसाधन बिभाग | ४ | सहायक (कम्प्यूटर) |

| क.नं. | नाम थर | हालको पद | तह | हालको कार्यालय | सरुवा भएको कार्यालय | तह | पद |
|---|---|---|---|---|---|---|---|
| १२११० | श्री बिक्रम डगौरा | बरिष्ठ सहायक | ५ | जुम्ला | जुम्ला | ५ | स.शाखा प्रबन्धक |
| ७८९३ | श्री टेक बहादुर खडायत | बरिष्ठ सहायक | ५ | श्रीपुर बेलौरी | श्रीपुर बेलौरी | ५ | स.शाखा प्रबन्धक |
| १२१०२ | श्री सन्जय तिखतरी | सहायक प्रबन्धक | ६ | सन्धिखर्क | सन्धिखर्क | ६ | स.शाखा प्रबन्धक |
| १२०४३ | श्री नबिन अर्याल | सहायक प्रबन्धक | ६ | आंबुखैरेनी | आंबुखैरेनी | ६ | स.शाखा प्रबन्धक |
| ११९८४ | श्री पारस मणि घिमिरे | सहायक प्रबन्धक | ६ | हार्थोक | हार्थोक | ६ | शाखा प्रबन्धक |
| १२१०१ | श्री सन्तोष गुप्ता | सहायक प्रबन्धक | ६ | बर्दघाट | बर्दघाट | ६ | स.शाखा प्रबन्धक |
| १२०९९ | श्री माधब पौडेल | सहायक प्रबन्धक | ६ | बेनीबजार | बेनीबजार | ६ | स.शाखा प्रबन्धक |
| ११४३२ | श्री कृष्ण पन्थी | सहायक प्रबन्धक | ६ | गैडाकोट | गैडाकोट | ६ | स.शाखा प्रबन्धक |
| ११७४८ | श्री नवराज ढुङ्गाना | सहायक प्रबन्धक | ६ | कुश्मा | कुश्मा | ६ | स.शाखा प्रबन्धक |
| १२०९८ | श्री अर्जुन राज काफ्ले | सहायक प्रबन्धक | ६ | बांणगंगा | बांणगंगा | ६ | स.शाखा प्रबन्धक |
| ९२०८ | श्री राम प्रबेश झा | बरिष्ठ सहायक | ५ | ध.महेन्द्रनगर | ध.महेन्द्रनगर | ५ | स.शाखा प्रबन्धक |
| १२०७० | श्री विवेककुमार श्रीबास्तब | सहायक प्रबन्धक | ६ | कलैया | कलैया | ६ | स.शाखा प्रबन्धक |
| ११७३४ | श्री सन्तोष बोगटी | बरिष्ठ सहायक | ५ | बरथहवा | बरथहवा | ५ | स.शाखा प्रबन्धक |
| ११८७५ | श्री केन्दीप श्रेष्ठ | बरिष्ठ सहायक | ५ | चैनपुर | चैनपुर | ५ | स.शाखा प्रबन्धक |
| १२०६८ | श्री बिष्णु भट्टराई | सहायक प्रबन्धक | ६ | सिरहा | सिरहा | ६ | स.शाखा प्रबन्धक |
| १२१०७ | श्री छत्र बहादुर ढकाल | बरिष्ठ सहायक | ५ | दिङ्गला | दिङ्गला | ५ | स.शाखा प्रबन्धक |
| १२०६९ | श्री महेश नेपाल | सहायक प्रबन्धक | ६ | खोटाङ्गबजार | खोटाङ्गबजार | ६ | स.शाखा प्रबन्धक |
| ११६३१ | श्री नारायण पन्डित | बरिष्ठ सहायक | ५ | सुखिपुर | सुखिपुर | ५ | स.शाखा प्रबन्धक |
| ६३५७ | श्री पुर्ण बहादुर सिटौला | बरिष्ठ सहायक | ५ | बेलबारी | बेलबारी | ५ | स.शाखा प्रबन्धक |
| ११४६३ | श्री बिष्णु बहादुर बस्नेत | नि..शाखा प्रबन्धक | ५ | मानेभन्ज्याङ्ग | मानेभन्ज्याङ्ग | का.मु ६ | शाखा प्रबन्धक |
| १२०९४ | श्री खेमराज रावल | सहायक प्रबन्धक | ६ | गजुरी | गजुरी | ६ | स.शाखा प्रबन्धक |
| १२१४६ | श्री नबिन औजी | बरिष्ठ सहायक | ५ | लुभु | लुभु | ५ | स.शाखा प्रबन्धक |
| ११५५८ | श्री केदार के.सी | सहायक प्रबन्धक | ६ | रातामाटा | रातमाटा | ६ | स.शाखा प्रबन्धक |
| १२१४५ | श्री अमित कुमार शाह | बरिष्ठ सहायक | ५ | नाम्चेबजार | नाम्चेबजार | ५ | स.शाखा प्रबन्धक |
| ११९०५ | श्री श्रीधर घिमिरे | सहायक प्रबन्धक | ६ | लमही | लमही | ६ | स.शाखा प्रबन्धक |

| क.नं. | नाम थर | क.नं. | हालको पद | तह | हालको कार्यालय | सरुवा भएको कार्यालय | तह | पद | सरुवाको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९३३५ | श्री अमृत बहादुर अधिकारी | ९३३५ | बरिष्ठ सहायक | ५ | भैरहवा | सुरजपुरा | ५ | स.शाखा प्रबन्धक | | |
| ११८५७ | श्री सुनित अमात्य | ११८५७ | सहायक (कम्प्युटर) | ४ | नेपालगंज | थापाथली (क्ल्यरिङ्ग) | ४ | सहायक (कम्प्युटर) | | |
| ११८२६ | श्री बिजय खडका | ११८२६ | सहायक (कम्प्युटर) | ४ | धरान | के.का.कम्प्लायन्स महाशाखा | ४ | सहायक (कम्प्युटर) | | |
| ११९३४ | श्री रोशन सुबेदी | ११९३४ | सहायक प्रबन्धक | ६ | खांदबारी | खांदबारी | ६ | स. शाखा प्रबन्धक | पदस्थापन | |
| ११४६४ | श्री टु सुन्दर राई | ११४६४ | नि.शाखा प्रबन्धक | ५ | नाम्चेबजार | नाम्चेबजार | का.मु ६ | शाखा प्रबन्धक | पदस्थापन | का..मु तह ६ मुकरर गरि। |
| ११४७० | श्री हस्त बहादुर शाही | ११४७० | नि.शाखा प्रबन्धक | ५ | चौरजहारी | चौरजहारी | का.मु ६ | शाखा प्रबन्धक | पदस्थापन | का.मु तह ६ मुकरर गरि। |
| ११८१२ | श्री निरज बिष्ट | ११८१२ | सहायक (कम्प्युटर) | ४ | धादिङ्ग | थापाथली (क्ल्यरिङ्ग) | ४ | सहायक (कम्प्युटर) | | |
| ११८०६ | श्री मिलन लामिछाने | ११८०६ | सहायक (कम्प्युटर) | ४ | भैरहवा | बानेश्वर | ४ | सहायक (कम्प्युटर) | | |
| ११९०७ | श्री ईन्द्र बहादुर थापा | ११९०७ | कनिष्ठ सहायक | ३ | तौलिहवा | तौलिहवा | का.मु४ | नगद सहायक | पदस्थापन | का.मु तह ४ मुकरर गरि। |
| ११५६५ | श्री दिपक थापा | ११५६५ | सबारी चालक | ३ | गौशाला | केका.सामान्य सेवा बिभाग | ३ | सबारी चालक | नियमित | |

| नाम थर | क.नं. | हालको पद | तह | हालको कार्यालय | प्रस्तावित कार्यालय | तह | पद |
|---|---|---|---|---|---|---|---|
| श्री प्रमोद भुर्जी | ११६८५ | सहायक प्रबन्धक (लेखा) | ६ | सं तथा.सा.म.क.बिभाग | के.का.कम्प्लायन्स महाशाखा | ६ | सहायक प्रबन्धक |
| श्री अर्तिनाथ बोकी श्रेष्ठ | ११७०२ | सहायक प्रबन्धककानून) | ६ | कानून बिभाग | " " | ६ | सहायक प्रबन्धक |
| श्री प्रतिभा पन्त | १२०८५ | सहायक प्रबन्धक | ६ | मु.शा.का.,काठमांडौ | " " | ६ | सहायक प्रबन्धक |

| नाम थर | क.नं. | पद | तह | हालको कार्यालय | सरुवा भएको कार्यालय | तह | पद |
|---|---|---|---|---|---|---|---|
| श्री शशि आचार्य | ९५०२ | क्षे.का. प्रमुख | १० | क्षे.का.काठमाडौ | ब्रान्च अपरेशन बिभाग | १० | बिभागीय प्रमुख |
| श्री बालकृष्ण घिमिरे | ९६५६ | मु.शा.का प्रबन्धक | १० | मु.शा.का.काठमाडौं | क्षे.का नेपालगंज | १० | क्षे.का प्रमुख |
| श्री राजेन्द्र प्रसाद दाहाल | ९८९६ | शाखा प्रबन्धक | ९ | बानेश्वर | क्षे.का.काठमाडौ | का.मु १० | क्षे.का प्रमुख |
| श्री शम्भुनाथ योगी | ९५०१ | कम्पनी सचिब | ९ | अध्यक्षको कार्यलय | कानून बिभाग | ९ | उप प्रमुख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| श्री जगन्नाथ कुईकेल | ९८२६ | उप प्रमुख | ९ | ट्रेजरी बिभाग | अध्यक्षको कार्यलय | ९ | बरिष्ठ प्रबन्धक |
| श्री सोनी श्रेष्ठ | ११२१९ | शाखा प्रबन्धक | ९ | नक्साल | बानेश्वर | ९ | शाखा प्रबन्धक |
| श्री पद्मा लक्ष्मी जि.सि. | १२२०४ | बरिष्ठ प्रबन्धक | ९ | सं तथा सा.म.क.बि | अन्तर शाखा बि.मि.बि | ९ | उप प्रमुख |
| श्री कविन्द्र प्रताप शाह | ९५१० | स.शा.प्रबन्धक | ९ | मु.शा.का | मु.शा.का काठमाडौं | ९ | शाखा प्रबन्धक |
| श्री गायत्री श्रेष्ठ | ११२०८ | शाखा प्रबन्धक | ९ | सानोठिमी | मु.शा.का.काठमाडौं | ९ | स.शा प्रबन्धक |
| श्री रामहरी शर्मा | ११०५६ | प्रबन्धक | ८ | सं. तथा सा.म. क.विभाग | पुल्चोक | ८ | शाखा प्रबन्धक |
| श्री द्विज राज भट्ट | १०७७४ | उप प्रमुख | ९ | क्षे.का काठमाडौं | मार्केटिङ्ग बिभाग | ९ | उप प्रमुख |
| श्री सरोज कोइराला | १११०० | स.शा.प्रबन्धक | ८ | भोटाहिटी | सानोठिमी | ८ | शाखा प्रबन्धक |
| श्री शम्भु प्रसाद शर्मा | १००४५ | शाखा प्रबन्धक | ९ | पुल्चोक | सामान्य सेवा वि. | ९ | उप प्रमुख |
| श्री बिनोद सापकोटा | ११११४ | उप .प्रबन्धक | ७ | क्षे.का काठमाण्डौ | धुलिखेल | ७ | शाखा प्रबन्धक |
| श्री बेद प्रसाद आर्चाय | ११०६५ | शाखा प्रबन्धक | ८ | शा.का. त्रि.अ.वि | ब्रान्च अपरेशन बिभाग | ८ | प्रबन्धक |
| श्री ईश्वरी न्यौपाने | ११०७८ | प्रबन्धक | ८ | ब्रान्च अपरेशन बिभाग | नक्साल | ८ | शाखा प्रबन्धक |
| श्री कृष्ण साह | ११४७२ | उप प्रमुख | ९ | क्षे.का. बिराटनगर | जो. ब्य.तथा क.अ. बि. | ९ | उप प्रमुख |
| श्री निम्बल श्रेष्ठ | ११४७३ | उप प्रमुख | ९ | जो. ब्य.तथा क.अ. बि. | पु.तथा सह.बि.क.बि. | ९ | उप प्रमुख |
| श्री ज्योती भट्ट | ११६११ | स.शा.प्रबन्धक | ६ | महेन्द्रनगर | कम्प्लायन्स महाशाखा | ६ | सहायक प्रबन्धक |
| श्री ऋषिकेश पराजुली | ११५७८ | स.शा.प्रबन्धक | ७ | भद्रपुर | भोटाहिटी | ७ | स.शाखा प्रबन्धक |
| श्री निशा पछाई | ११५८५ | स.शा.प्रबन्धक | ७ | भरतपुर | शा.का.त्रि.अ.बि. | ७ | शाखा प्रबन्धक |
| श्री महेन्द्र गरुङ्ग | ११५९७ | उप प्रबन्धक | ७ | क्षे.का.पोखरा | सं तथा सा.म.क.बिभाग | ७ | उप प्रबन्धक |
| श्री चिरन्जिवी गिरी | ११८२७ | बरिष्ठ सहायक | ५ | गुलरिया | सुर्खेत | ५ | बरिष्ठ सहायक |
| श्री निभा झा | ११५८८ | सहायक प्रबन्धक | ७ | भरतपुर | जो.ब्य. तथा क.अ. बि. | | उप प्रबन्धक |
| श्री सपना के.सी | ११८१७ | सहायक | ४ | मु.शा.का. काठमांडौ | सानोठिमी | ४ | सहायक |
| श्री श्याम सुन्दर गौतम | ११६१९ | स.शाखा प्रबन्धक | ७ | नेपालगंज | सिंहदरबार | ७ | स.शाखा प्रबन्धक |
| श्री जितजंग सिंह | ११४१८ | सहायक प्रबन्धक | ६ | सा.से.बि | बाजुरा | ६ | शाखा प्रबन्धक |
| श्री बल बहादुर थापा | ९९१२ | शाखा प्रबन्धक | ६ | बाजुरा | धनगढी | ६ | सहायक प्रबन्धक |
| श्री सन्तोष सोती | ११४०१ | उप प्रबन्धक | ७ | क्षे.का.नेपालगंज | भरतपुर | ७ | स.शाखा प्रबन्धक |
| श्री अच्युत उपाध्याय | ११५९१ | स.शा.प्रबन्धक | ६ | नारायणगढ | के.का. ट्रजरी बिभाग | ६ | सहायक प्रबन्धक |
| श्री निरज कुमार श्रेष्ठ | ११५९८ | उप प्रबन्धक | ७ | महेन्द्रपुल | | ७ | शाखा प्रबन्धक |
| श्री सुजन ढकाल | ११४६५ | बरिष्ठ सहायक | ५ | सल्लेरी | | का.मु.तह ६ | शाखा प्रबन्धक |
| श्री दिपक आचार्य | ११४४० | स.शा.प्रबन्धक | ६ | भुरिगांउ | | तह ६ | शाखा प्रबन्धक |
| श्री गणेश बहादुर रायमाझी | १०२५३ | स.शा.प्रबन्धक | ५ | बागलुङ्गबजार | | का.मु तह ६ | शाखा प्रबन्धक |
| श्री अमन चापागाई | १०५६४ | स.शा.प्रबन्धक | ५ | पथरी | | का.मु तह ६ | शाखा प्रबन्धक |
| श्री राजेन्द्र के.सी | ११९७८ | कनिष्ठ सहायक | ३ | रामपुर | | ३ | कनिष्ठ सहायक |
| कृति क्षेत्री | ११९६८ | कनिष्ठ सहायक | ३ | सु.बन्दरगाह भैरहवा | | ३ | कनिष्ठ सहायक |
| श्री जेबिन शाक्य | ११७९४ | का.मु ब.स. | ५ | खादबारी | | ४ | सहायक |
| श्री ध्रुब कुमार थारु | ११७६५ | बरिष्ठ सहायक | ५ | सुर्खेत | | ५ | स.शाखा प्रबन्धक |
| श्री कृष्ण प्रसाद श्रेष्ठ | ९२६९ | स.शाखा प्रबन्धक | ६ | आरुघाट | | ६ | शाखा प्रबन्धक |
| श्री तोरण बहादुर बि.क. | १२०५७ | बरिष्ठ सहायक | ५ | आरुघाट | | ५ | स.शाखा प्रबन्धक |
| श्री रोम नाथ न्यौपाने | ११९६६ | बरिष्ठ सहायक | ५ | रामपुर | | ५ | स.शाखा प्रबन्धक |
| श्री देबेश सुनवार | ११८५४ | सहायक (कमप्युटर) | ४ | नेपालगंज | | ४ | सहायक (कप्युटर) |
| श्री सरस्वती देबी झा | १०४४४ | बरिष्ठ सहायक | ५ | क्षे.का काठमाण्डौ | | ५ | बरिष्ठ सहायक |
| श्री उत्तम श्रेष्ठ | १०८१७ | सहायक | ४ | बालाजु | | ४ | सहायक |
| श्री छत्र बहादुर खड्का | १००७५ | बरिष्ठ सहायक | ५ | क्षे.का वीरगंज | | ५ | बरिष्ठ सहायक |

| नाम थर | क.नं. | पद | तह | हालको कार्यालय | सरुवा भएको कार्यालय | तह | पद |
|---|---|---|---|---|---|---|---|
| श्री राकेश कुशवाहा | ११५४१ | सहायक (कम्प्युटर) | ४ | क्षे.का. बिरगंज | इलेक्ट्रोनिक बैं.बिभाग | ४ | सहायक (कम्प्युटर) |
| श्री ऋषिराज आचार्य | ११५९२ | उप प्रबन्धक | ७ | शा.का.बिरगंज | .जो.व्य.तथा क. अ.विभाग | ७ | उप प्रबन्धक |
| श्री मुना अधिकारी | ११५७१ | उप प्रबन्धक | ७ | शा.का.बिराटनगर | पु.तथा सह- बि.क..बिभाग | ७ | उप प्रबन्धक |
| श्री बुद्ध रत्न मानन्धर | ११८०२ | सहायक (कम्प्युटर) | ४ | सिन्धुली | शा.का.त्रि.अ.बि | ४ | सहायक (कम्प्युटर) |
| श्री साबित्रा भुषाल | ११६१० | स.शा.प्रबन्धक | ७ | शा.का. नेपालगंज | सं.तथा सा.म.क.बिभाग | ७ | उप प्रबन्धक |
| श्री भागिरथी मल्ल | ११६१२ | स.शा.प्रबन्धक | ६ | धनगढी | कम्प्लायन्स महाशाखा | ६ | सहायक प्रबन्धक |
| श्री सुरेश सापकोटा | ११६२१ | उप प्रबन्धक | ७ | क्षे.का. नेपालगंज | मैतिदेवी | ७ | स.शाखा प्रबन्धक |
| श्री बिनोद न्यौपाने | ११६०८ | उप प्रबन्धक | ७ | क्षे.का पोखरा | मानव संसाधन बिभाग | ७ | उप प्रबन्धक |
| श्री अर्जुन पनेरु | ११६०६ | उप प्रबन्धक | ७ | क्षे..का.पोखरा | थापाथली (क्लियरिङ्ग) | ७ | स.शाखा प्रबन्धक |
| श्री रोबिन घिमिरे | ११५८९ | स.शा.प्रबन्धक | ७ | लालबन्दी | क्षे.का.काठमाण्डौ | ७ | उप प्रबन्धक |
| श्री सुशिल कुमार साह | ११८५८ | ब.स.(क.अपरेटर) | ५ | ईटहरी | शा.का.त्रि.अ.बि. | ५ | ब.स.(क.अपरेटर) |
| श्री गणेश चौधरी | ११७९६ | सहायक(कम्प्यूटर) | ४ | गुलरिया | तालिम तथा बिकास बिभाग | ४ | सहायक(कम्प्यूटर) |
| श्री सुदर्शन थापा | १०५५० | बरिष्ठ सहायक | ५ | इनरुवा | क्षे.का. बिराटनगर | ५ | बरिष्ठ सहायक |
| श्री निरन्जन कार्की | ५८८० | बरिष्ठ सहायक | ५ | लाहान | गाईघाट | ५ | बरिष्ठ सहायक |
| श्री सुमित्रा खतिवडा | १२०६६ | सहायक प्रबन्धक | ६ | भद्रपुर | दमक | ६ | सहायक प्रबन्धक |
| श्री दुर्गा देबि तिमिल्सीना | ११५९६ | स.शा.प्रबन्धक | ६ | पार्दी | सं.तथा सा.म.क.बिभाग | ६ | सहायक प्रबन्धक |
| श्री सुदेशना प्रधान | ८९७३ | सहायक प्रबन्धक | ६ | धरान | शा.का.त्रि.अ.बि. | ६ | स.शाखा प्रबन्धक |
| श्री दिपक राज न्यौपाने | १११७१ | शाखा प्रबन्धक | ८ | पिडारीचोक | शा.का.वीरगंज | ८ | शाखा प्रबन्धक |
| श्री गणेश प्र. तिमिल्सीना | ९९५४ | स.शाखा प्रबन्धक | ६ | शा.का.त्रि.अ.बि. | के.का.जो.व्य.तथा क. अ.विभाग | ६ | सहायक प्रबन्धक |
| श्री श्रीहरि आचार्य | ९३२३ | सहायक प्रबन्धक | ६ | शा.का.त्रि.अ.बि. | कम्प्लायन्स महाशाखा | ६ | सहायक प्रबन्धक |
| श्री बिनोद कुमार श्रेष्ठ | ९७१२ | बरिष्ठ सहायक | ५ | शा.का.त्रि.अ.बि. | के.का.पु.तथा सह.बि.बिभाग | ५ | बरिष्ठ सहायक |
| श्री प्रदिप कुमार झा | ११५९९ | स.शा.प्रबन्धक | ७ | कावासोती | पिडारीचोक | ७ | शाखा प्रबन्धक |
| श्री कुम्भराज उपाध्याय | १०४१२ | सहायक प्रबन्धक | ६ | धनगढी | दिपायल | ६ | शाखा प्रबन्धक |
| श्री गोरख बहादुर शाही | ११४०७ | स.शा.प्रबन्धक | ६ | मान्मा | प्रस्तावित शाखा कार्यालय, मेहलगुना | ६ | शाखा प्रबन्धक |
| श्री शान्तराज जोशी | ११४२३ | बरिष्ठ सहायक | ५ | बझाङ्ग | दिपायल | ५ | स.शा.प्रबन्धक |
| श्री मन्जु निरौला (न्यौपाने) | ११५४४ | बरिष्ठ सहायक | ५ | देवकोटाचोक | सिंहदरबार | ५ | बरिष्ठ सहायक |
| श्री उमेश श्रेष्ठ | ९१७९ | बरिष्ठ सहायक | ५ | देवकोटाचोक | क्षे.का विराटनगर | ५ | बरिष्ठ सहायक |
| श्री मोहन राज वाग्ले | १०५४३ | बरिष्ठ सहायक | ५ | सु.व. विराटनगर | देवकोटाचोक | ५ | बरिष्ठ सहायक |
| श्री गान्धिराज बि.सि. | १०६८४ | सहायक प्रबन्धक | ६ | शा.का. नेपालगंज | सुर्खेत | ६ | सहायक प्रबन्धक |
| श्री यशोदा खड्का | ११८७४ | कनिष्ठ सहायक | ३ | दिङ्गला | भोजपुर | ३ | कनिष्ठ सहायक |
| श्री नबेश सिलवाल | १२०६१ | कनिष्ठ सहायक | ३ | कावासोती | गैंडाकोट | ३ | कनिष्ठ सहायक |
| श्री प्रभुराज जोशी | ११४२४ | सहायक प्रबन्धक | ६ | अत्तरिया | प्रस्तावित शाखा कार्यालय, चौमाला | ६ | शाखा प्रबन्धक |
| श्री टिका प्रसाद घिमिरे | ७३२३ | सहयोगी (ब.बा) | ४ | सिन्धुली | भिमान | ४ | सहयोगी (ब.बा) |
| श्री शालिग्राम सुवेदी | ११३१९ | सु.गा (करार) | २ | क्षे.का वीरगंज | रत्ननगर (टांडी) | २ | सहयोगी |

## राष्ट्रिय वाणिज्य बैंक लि.मा एनआईडिसी...



संयोजक एवं रा.वा. बैंक संचालक समितिका सदस्य निर्मलहरि अधिकारी, सहसंयोजक एवं एन.आई.डि.सी. डेभलपमेन्ट बैंकका संचालक समितिका सदस्य मुकुन्दराज पन्थी, दुवै बैंकका संचालक समितिका सदस्यहरु, राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, एन.आई.डि.सी. डेभलपमेन्ट बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत शिवजी राय यादब, राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका नायब प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डे तथा नायब महाप्रवन्धक कविराज अधिकारी लगायतको उपस्थिति रहेको थियो ।

## श्रद्धाञ्जली



जन्म:
वि.स. २०१७।०४।०६

स्वर्गारोहण :
वि.सं.२०७४।०६।२६

यस राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय मैतिदेवीमा कार्यरत वरिष्ठ सहायक गोपिकृष्ण नेपाल (४८६५)को असामयिक निधन भएकोमा दिवंगत आत्माको चिर शान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड परिवार**

## ब्रान्च प्रोफाईल

### शाखा कार्यालय दिक्तेल (२०६)
### आ.व.०७२।०७३ को "ग" बर्गको उत्कृष्ट शाखा



| | |
|---|---|
| निक्षप | : रु. १,२६,८५,६६,६५९।२६ |
| कर्जा | : रु. ३२,०८,६२,३०७।६५ |
| ग्राहक संख्या | : २२३२१ |
| कर्मचारी संख्या | : ११ |
| प्रति कर्मचारी निक्षप | : रु. ११,५३,२४,२४१।७५ |
| प्रति कर्मचारी कर्जा | : रु. २,९१,६९,३००।०० |
| मुनाफा | : रु. १,६८,९३,२३२।०५ |
| NPA | : ० % |
| शाखा कार्यालय स्थापना | : २०३० साल |
| शाखा प्रबन्धक | : शिरोमणि बराल |

**सफलताको रहस्य:**

सामुहिक कार्य, कार्मचारीहरुबीच आपसी मेलमिलाप, सहयोगी तथा विश्वासको भावना, ग्राहकमैत्री वातावरण, ग्राहकको विश्वास, क्षे.का.तथा के.का.को आपसी सहयोग, सुझाव तथा मार्गदर्शन, सरोकारवाला संघ संस्थाहरुको आवश्यक सहयोग, उपलब्ध श्रोत तथा साधनको उच्चतम प्रयोग गर्दै कर्मचारीहरुले विहान बेलुका नभनी आ-आफ्नो जिम्मेवारी पुरा गर्नुको साथै शाखाको व्यवस्थापकको उचित निर्देशन र मार्गदर्शन आदि ।

### शाखा कार्यालय बिर्तामोड (२६२)
### आ.व.०७२।०७३ को "ग" बर्गको उत्कृष्ट शाखा




| | |
|---|---|
| निक्षेप | : रु. ८७,७६,०२,३८७.२८ |
| कर्जा | : रु. ९२,७७,०४,८७३.९२ |
| ग्राहक संख्या | : २३८५६ |
| कर्मचारी संख्या | : १८ जना |
| प्रति कर्मचारी निक्षेप | : रु. ४,८७,५५,६८८.१८ |
| प्रति कर्मचारी कर्जा | : रु. ५,१५,३९,१५९.६६ |
| मुनाफा | : रु. ५,८२,८३,९३४.७८ |
| NPA | : ०.९६ % |
| शाखा कार्यालय स्थापना | : २०५८ साल श्रावण ७ गते |
| शाखा प्रबन्धक | : युवराज उप्रेती |

**सफलताको रहस्य:**

पूर्वाञ्चलको अत्यन्त प्रतिस्पर्धी बजार क्षेत्रमा अवस्थित रहेको यस बिर्तामोड शाखालाई सफल बनाउन कुसल नेतृत्व, कर्मचारीहरुको उच्च मनोबल, ग्राहकमैत्री व्यवहार, समन्वय एवम सहयोगी भावना, ग्राहकहरुको विश्वास, केन्द्रीय कार्यालय तथा क्षेत्रीय कार्यालयको सहयोग एवं मार्गदर्शन, पूर्वाञ्चलको मुख्य व्यापारिक केन्द्रमा शाखा कार्यालय रहनु, सरोकारवाला संघ संस्थाहरुको सुझाव तथा सहयोग र उपलब्ध स्रोत तथा साधनहरुको उचित परिचालन आदिको भूमिका रहेको छ ।

## सफा नोट नीतिबारे अन्तरक्रिया कार्यक्रम




**काठमाडौं, २ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा नोट पहिचान तथा सफा नीतिबारे अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । काठमाण्डौं क्षेत्रभित्रका शाखा कार्यालय तथा मुख्य शाखा कार्यालयका खजान्ची (क्यासीयर)हरुलाई लक्षित गरी संचालन गरिएको सो अन्तरक्रिया कार्यक्रममा करिब ४१ जना खजान्चीहरुको सहभागीता रहेको थियो । सो कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले सर्वसाधारणमा नोटलाई जतन गर्ने बानी भइनसकेको सन्दर्भमा बैंकका कर्मचारीहरुले आफूले सिकेर सर्वसाधारणलाई सिकाउनुपर्ने दायित्व रहेको विचार व्यक्तगर्नुभयो ।

नेपाल राष्ट्र बैंक मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला, बैंकका नायब महाप्रवन्धक टेकराज जोशी, विभागीय प्रमुखहरु उद्धवप्रसाद खनाल, मित्रलाल पंज्ञानी, क्षेत्रीय कार्यालय काठमाडौंमा प्रमुख शशि आचार्यले कार्यक्रममा आफ्नो भनाई राख्नु भएको थियो । कार्यक्रममा नेपाल राष्ट्र बैंकका निर्देशक भिष्मप्रसाद उप्रेती, उपनिर्देशक रुद्र घिमिरेले विषयगत प्रशिक्षण दिनुभएको थियो । कार्यक्रमलाई तालिम तथा विकास विभागका उप प्रमुख शिवराम पौडेलले सहजीकरण गर्नुभएको थियो ।

## समवेदना

यस बैंकको शा.का.उर्लाबारीमा कार्यरत सुरक्षा गार्ड झनकबहादुर सुवेदी (११२८२)का बुबा इन्द्रबहादुर सुवेदी, के.का. इलेक्ट्रोनिक बैंकिङ विभागमा कार्यरत प्रवन्धक ऋद्धिलक्ष्मी शाक्य (५७७०)की आमा रत्नमाया शाक्य, शा.का.हेटौंडामा कार्यरत नगद सहायक आनन्दराज भण्डारी (५४७३)का बुबा चन्द्रबहादुर राजभण्डारी, शा.का.धनुषा महेन्द्रनगरमा कार्यरत बरिष्ठ सहायक रामप्रवेश झा (९२०८)का आमा संज्ञानी झा, शा.का. बिराटनगरमा कार्यरत सहायक लक्ष्मी रायमाझी (१०८७७)की सासु तारादेबी रायमाझी, शा.का. स्याङ्जा बजारमा कार्यरत नगद सहायक महेश्वर रेग्मी (१०८३२)की आमा जानकी रेग्मी, शा.का. चरिकोटमा कार्यरत बरिष्ठ सहायक भानुभक्त भण्डारी (१०१८९)की आमा रिद्धिमाया भण्डारी, के.का. ब्रान्च अपरेशन विभागमा कार्यरत प्रवन्धक लक्ष्मी पराजुली (९९५२)का बुबा देबीप्रसाद पराजुली, शा.का. तौलीहवामा कार्यरत बरिष्ठ सहायक रविन्द्रकुमार श्रीवास्तब (९२६१)का बुबा ब्रजेश्वरलाल श्रीवास्तब, शा.का. लाहानमा कार्यरत बरिष्ठ सहायक राम औतार गुप्ता (१०३२०)की आमा लगनी देबी शाह, मुख्य शा.का. काठमाडौंमा कार्यरत सहायक प्रवन्धक राजेश प्रधान (८५७७)की आमा प्रेमा प्रधान, के.का. मानव संशाधन विभागमा कार्यरत सहायक प्रवन्धक राजेन्द्रप्रसाद ज्ञवाली (९६३९) तथा ट्रेजरी विभागमा कार्यरत बरिष्ठ सहायक पूर्णप्रसाद ज्ञवाली (११००६)की आमा कमला ज्ञवाली, क्षे.का. नेपालगंजमा कार्यरत उप प्रवन्धक राजेन्द्रकुमार श्रेष्ठ (१०७८५)की आमा गुण सुन्दरी श्रेष्ठ, शा.का. महेन्द्रनगरमा कार्यरत सहायक प्रवन्धक खेमराज लेखक (१०७३८)का बुबा भुवनेश्वर लेखक, शा.का. उर्लाबारीमा कार्यरत बरिष्ठ सहायक हरिकुमार खड्का (१०३८८)का बुबा कृष्णबहादुर खड्का, शा.का.बिराटनगरमा कार्यरत बरिष्ठ सहायक धनेन्द्र विश्वकर्मा (१०३९१)की आमा गंगादेबी विश्वकर्माको केहि पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
परिवार

Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Sushil Shrestha, DGM & Information Officer.
Editor: Kumar Niraula, Assistant Editor: Ishwar Upreti
Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423, E-mail: rbbnl@rbb.com.np
Printed at: Printing Art & Stationery Suppliers, Bhaktapur, Tel: 9841068987